# सम्पादकीय

"हाम्रो वन सम्पदा" को पाँचौ अङ्कको प्रतिक्षामा बसीरहनु भएका तमाम आदरणीय पाठक बृन्दहरुमा नव वर्ष २०६१ सालको हार्दिक मंगलमय शुभ कामना व्यक्त गर्न चाहान्छौं । पाठकहरुको सुझाव र सल्लाह एवं विषयवस्तुको महत्वलाई ख्याल गर्दै जैविक विविधता संरक्षण सम्बन्धी अवधारणालाई हामीले यो अङ्कमा प्राथमिकताका साथ स्थान दिएका छौं ।

नेपाल क्षेत्रफलको हिसाबले सानो भएपनि यहाँको हावापानी, माटो, उचाइ, भौगोलिक विविधताले गर्दा विश्वमा नै जैविक विविधतामा सम्पन्न देशको रुपमा परिचित छ । साथै जैविक विविधताको संरक्षणमा सामुदायिक वन विकास कार्यक्रम एउटा सफल उदाहरणको रुपमा स्थापित भइसकेको छ । यसले के कुरा पनि प्रष्ट भएको छ भने स्थानीय समुदायको सहभागिता विना जैविक विविधताको संरक्षण गर्ने कुरा कल्पनासम्म गर्न सकिंदैन । तथापि राज्यले आरक्ष क्षेत्र तथा राष्ट्रिय निकुञ्जको माध्यमबाट मात्र जैविक विविधताको संरक्षण हुन सक्छ भन्ने कुरालाई बेला बेलामा अगाडि ल्याइरहन्छ । यसरी जैविक विविधता प्रतिको दृष्टिकोण र त्यसको संरक्षण र उपयोगको विषय व्यापक चर्चामा छ । एकातिर जैविक विविधता सम्बन्धी स्थानीय ज्ञान र सीपको पहिचान गरी त्यसको कुशलता पूर्वक उपयोग गर्नुपर्ने र स्थानीय व्यक्तिहरुको आवश्यकतासँग जैविक विविधतालाई समायोजन गर्दै लैजानुपर्ने तर्कहरु सारिंदैछन् भने अर्कोतर्फ जैविक विविधता संरक्षणलाई मानवीय हस्तक्षेप र सम्पर्कबाट बाहिर राख्नुपर्ने धारणाहरु राखिन्छन् । मानिस र जैविक विविधताको बीचमा अन्यायोश्रित सम्बन्ध भएकोले एक अर्कोलाई छुट्याएर संरक्षण गर्ने सोंच राख्न नहुने तर्क अघिल्ला पक्षधरहरुको छ भने मानिस जैविक विविधताको लागि प्रमुख दुश्मन भएकाले यिनीहरु सँगसँगै जान नसक्ने कुरा पछिल्ला पक्षधर बताउँछन् । नेपाल लगायत विश्वभरी नै विवादित रहेको यो मुद्दाका बहुआयमलाई केलाउँदै त्यसप्रतिको जनचेतना अभिवृद्धि गर्नु आवश्यक भइसकेको महसुस गरेरै हामीले यस अङ्कमा जैविक विविधता संरक्षण सम्बन्धी विभिन्न अवधारणाहरुलाई समावेश गरेका छौं ।

यस अङ्कमा **दिलराज खनाल**ले जैविक विविधता संरक्षणमा जनताको अधिकारको लागि नेपालले अन्तर्राष्ट्रिय स्तरमा प्रतिबद्धता देखाए पनि यसप्रति आफ्नो दायित्व र आन्तरिक रुपमा अपनाउने गरेको व्यवहार त्यस भन्दा फरक रहेको प्रस्तुत गर्दै जैविक विविधता संरक्षणमा जन अधिकार स्थापित गरिनुपर्ने तर्क राख्नु भएको छ । जैविक विविधताको संरक्षणमा समुदायका गरिब जनताहरुको अत्यधिक सहभागिता भएपनि यसबाट आउने प्रतिफलले उनीहरुको जीविकोपार्जनलाई सहयोग पुगेको देखिँदैन । त्यसकारण जैविक विविधता संरक्षण कार्यक्रम गरिबमुखी बनाउनु पर्ने कुरालाई **भरत पोखरेल**ले जोड दिनु भएको छ । यसैगरी **सोमत घिमिरे**को लेखमा मध्यवर्ती क्षेत्र व्यवस्थापन नीति नियमले सामुदायिक वनमा जनताको अधिकारलाई कटौती गर्न खोजेको र निकुञ्जको रुपमा मध्यवर्ती क्षेत्रलाई लिइएको भन्ने कुरा उल्लेख गर्नु भएको छ । त्यस्तै **बिर्ख क्षेत्री**ले धुसेरी सामुदायिक वन उपभोक्ता समूहका विभिन्न क्रियाकलापहरुको जैविक विविधता संरक्षणमा महत्वपूर्ण भूमिका रहेको चर्चा गर्नु भएको छ । **कमल भण्डारी**ले आफ्नो लेखमा गैंडाको अवैध चोरी सिकार विरुद्ध सरकारी प्रयास मात्र पर्याप्त नहुने उल्लेख गर्दै स्थानीय जनसहभागिताको महत्वलाई उदाहरण सहित प्रष्ट्याउनु भएको छ ।

**राधिका रेग्मी**ले लेखमा जैविक विविधता संरक्षणमा प्रायः महिलाहरुको सहभागिता हुने गरेपनि यिनै विषयमा छलफल, गोष्ठी तथा निर्णयहरु गर्दा उनीहरुको सहभागिता शुन्य नै हुने गरेको स्थिति उल्लेख गर्दै संरक्षण अभियानलाई लैङ्गिक सम्वेदनशील बनाउन सके अझ राम्रो र प्रभावकारी हुने धारणा राख्दै सबैलाई लैङ्गिक सम्वेदनशील हुन आव्हान गर्नुभएको छ । यसैगरी **शंकर दाहाल र ओम प्रकाश देव**ले जैविक विविधता संरक्षणमा सरकारी र गैर सरकारी तथा अन्य सरोकारवाला बीच समन्वयको खाँचो रहेको उल्लेख गर्दै जैविक विविधतामा देखापरेका सकारात्मक पक्ष र चुनौतिहरुलाई प्रस्तुत गर्नु भएको छ । जैविक विविधता सम्बन्धी सरकारी अवधारणालाई स्थान दिने निकै प्रयास गरिएपनि सरकारी निकायबाट लेखरचना उपलब्ध हुन नसकेको कारण सम्भव भएन । यसका साथै सामुदायिक वन सम्बन्धी महत्वपूर्ण विषयहरुलाई समेटिएका **अनिता श्रेष्ठ र हेमन्त ओझा**का लेखहरुलाई समेत यस अङ्कमा समेटिएको छ । विगतको अङ्कमा झै यसपाली वनस्पति परिचय अन्तर्गत **हरि राज न्यौपाने र पदम दाहाल**को चिराइतो बारेको लेखलाई समावेस गरिएको छ ।

अन्त्यमा, यो अङ्क तयार पार्न सहयोग गर्नु हुने सम्पूर्ण लेखक तथा सल्लाहकारहरु र अमूल्य विचार एवं सुझाव दिई योगदान पुऱ्याउनु हुने सबै सहयोगी मित्रहरुलाई धन्यवाद दिंदै सदा झै निरन्तर सहयोगको आशा गर्दछौं ।

**सम्पादक**